# The Nepal Trade Preference Program

## What is the Nepal Trade Preference Program?

The preference program is intended to promote economic growth in Nepal by providing duty-free entry to the United States for certain products exported from Nepal. The Trade Facilitation and Trade Enforcement Act, passed by U.S. Congress in February 2016, established the preference program and grants duty-free access for certain products made in Nepal until December 31, 2025.

## How does this program relate to Generalized System of Preferences (GSP)?

Many products from Nepal are also eligible for GSP duty-free treatment, but the new trade preference program is country-specific and applies only to Nepal. In addition, the Nepal preference program does not expire until December 31, 2025, which provides long-term certainty to Nepali exporters and U.S. buyers.

## What products are eligible?

Products eligible for the Nepal Trade Preference Program include certain kinds of carpets and rugs, shawls, scarves, luggage articles, handbags, pocket goods (such as wallets), travel bags and other containers, headbands, blankets, hats, and gloves.

For further information on which products are eligible for the preference program visit: The U.S. International Trade Commission website:

**https://hts.usitc.gov**

This database is useful for those who do not know the harmonized tariff schedule (HTS) number associated with a product. You can determine if a product is eligible for duty-free access by entering a product's name or brief description in the search box. A list of HTS numbers associated with the product will appear on the left of the screen. Select the item that best matches the description. Once you identify the correct HTS subheading, look at the "Rates of Duty" section and find the column for "Special." If the code "NP" appears, then the product is eligible for duty-free treatment under the Nepal Trade Preference Program.

## How does a product exported from Nepal receive duty-free treatment?

Products from Nepal can receive duty-free access through either the Generalized System Preferences (GSP) or the Nepal Trade Preference Program, if it meets the following requirements:

- Must be included on the list of eligible articles;
- Must be imported into the United States directly from Nepal, without entering the commerce of a third country;
- Must be grown, produced, or manufactured in Nepal, with the cost of the Nepali materials plus the cost of processing equal to at least 35 percent of the product's sales price;
- The product must be eligible for duty-free treatment either through the Nepal Trade Preferences Program or GSP. This will be shown in the "Special" rates column, as described above, with a "NP" or an "A" or "A+" for products eligible for GSP.

**MOST IMPORTANTLY:** The U.S. importer must claim either the Nepal Trade Preference Program or GSP duty-free treatment by placing an "A", "A+", or "NP", as appropriate in front of the U.S. tariff line number that identifies the imported article on U.S. Customs and Border Protection entry documentation. Producers and exporters should keep records that describe the production process and costs of production of each good exported under GSP. U.S. Customs and Border Protection has the authority to ask an importer or producer to provide records to prove that the export is eligible for GSP duty-free treatment.

# नेपालसम्बन्धी व्यापार ग्राह्यता कार्यक्रम

**नेपालसम्बन्धी व्यापार ग्राह्यता कार्यक्रम के हो ?**
नेपालबाट निर्यात गरिएका निश्चित वस्तुहरूलाई अमेरिकामा भन्सारछुट प्रदान गर्दै नेपालको आर्थिक विकासलाई प्रवर्द्धन गर्नु ग्राह्यता कार्यक्रमको आसय हो । अमेरिकी कंग्रेसद्वारा फेब्रुअरी २०१६ मा पारित व्यापार सहजीकरण तथा व्यापार कार्यान्वयन ऐनले ग्राह्यता कार्यक्रमको स्थापना गरेको हो । उक्त ऐनले नेपालमा बनेका निश्चित वस्तुहरूलाई डिसेम्बर ३१, २०२५ सम्मका लागि भन्सारछुट सुविधा प्रदान गरेको छ ।

**जनरलाइज्ड सिस्टम अफ प्रेफरेन्सेस (जिएसपी) सँग यो कार्यक्रम कसरी सम्बन्धित छ ?**
नेपालमा उत्पादन भएका धेरै वस्तुहरू जिएसपी अन्तर्गत भन्सारछुट पाउन योग्य भए तापनि यो नयाँ व्यापार ग्राह्यता कार्यक्रम देश-विशेषमा केन्द्रित छ र नेपाललाई मात्र लागु हुन्छ । साथै, नेपालसम्बन्धी ग्राह्यता कार्यक्रम डिसेम्बर ३१, २०२५ सम्म कायम रहने भएकोले यसले नेपाली निर्यातकर्ता तथा अमेरिकी क्रेताहरूलाई दीर्घकालीन निश्चितता प्रदान गर्दछ ।

**कुन वस्तुहरू योग्य छन् ?**
नेपालसम्बन्धी व्यापार ग्राह्यता कार्यक्रम अन्तर्गत योग्य वस्तुहरूमा निश्चित प्रकारका गलैंचा, शल, स्कार्फ, लगेज सामग्री, हातेझोला, पकेट सामग्री (जस्तै वालेट), यात्रामा बोक्ने झोला तथा अन्य कन्टेनर, हेडब्याण्ड, कम्बल, टोपी र पञ्जा लगायत छन् ।

ग्राह्यता कार्यक्रम अन्तर्गत योग्य वस्तुसम्बन्धी थप जानकारीका लागि अमेरिकी अन्तर्राष्ट्रिय व्यापार आयोगको वेबसाइट
https://hts.usitc.gov हेर्नुहोस् ।

वस्तुसँग सम्बन्धित *हार्मोनाइज्ड ट्यारिफ शेड्युल* (एचटीएस) नम्बर थाहा नहुनेहरूका लागि यो डाटाबेस उपयोगी छ । सर्चबक्समा वस्तुको नाम वा संक्षिप्त विवरण प्रवेश गरेर वस्तु भन्सारछुट सुविधाका लागि योग्य भएनभएको निर्धारण गर्न सकिन्छ । वस्तुसँग सम्बन्धित एचटीएस नम्बरहरू स्क्रिनको बायाँपट्टि देखा पर्नेछन् । विवरणसँग सबैभन्दा उत्कृष्ट मेल खाने सामग्री छनोट गर्नुहोस् । सही एचटीएस उपशीर्षक पहिचान गरेपछि "रेट्स अफ ड्युटी" खण्डमा हेर्नुहोस् र "स्पेशल" नामक महल खोज्नुहोस् । त्यहाँ "एनपी" भन्ने कोड देखा परेमा उक्त वस्तु नेपालसम्बन्धी व्यापार ग्राह्यता कार्यक्रम अन्तर्गत भन्सारछुट सुविधाका लागि योग्य छ ।

**नेपालबाट निर्यातित वस्तुले कसरी भन्सारछुट सुविधा प्राप्त गर्दछ ?**
नेपालका वस्तुले देहायको आवश्यकता पूरा गरेमा जिएसपी वा नेपालसम्बन्धी व्यापार ग्राह्यता कार्यक्रम अन्तर्गत भन्सारछुट सुविधा प्राप्त गर्नेछन् :

- योग्य सामग्रीहरूको सूचीमा समावेश भएको हुनुपर्नेछ;
- तेस्रो मुलुकको वाणिज्य व्यवस्थामा प्रवेश नगरी नेपालबाट प्रत्यक्ष रूपमा अमेरिकामा निर्यातित भएको हुनुपर्नेछ;
- नेपालमा उत्पादन भएको हुनुपर्नेछ र नेपाली सामग्री तथा प्रशोधनको लागत वस्तुको विक्री मूल्यको कम्तीमा ३५ प्रतिशत भएको हुनुपर्नेछ;
- वस्तु नेपालसम्बन्धी व्यापार ग्राह्यता कार्यक्रम वा जिएसपी अन्तर्गत भन्सारछुट सुविधाका लागि योग्य हुनुपर्नेछ । उक्त योग्यता माथि व्याख्या गरिए झैं "स्पेशल" रेट्स महलमा देख्न सकिन्छ । नेपाल कार्यक्रम अन्तर्गत योग्य वस्तुको हकमा "एनपी" र जिएसपी अन्तर्गत योग्य वस्तुको हकमा "ए" वा "ए+" लेखिएको हुन्छ ।

**महत्त्वपूर्ण सूचना :** अमेरिकी आयातकर्ताले नेपालसम्बन्धी व्यापार ग्राह्यता कार्यक्रम वा जिएसपी अन्तर्गत भन्सारछुट दाबी गर्नु पर्दछ । यसो गर्दा अमेरिकी भन्सार तथा सीमा सुरक्षासम्बन्धी प्रवेश दस्तावेजमा आयातित सामग्रीलाई पहिचान गर्ने *ट्यारिफ लाइन नम्बर* मा "ए", "ए+" वा "एनपी" अङ्कित गर्नु पर्दछ । जिएसपी अन्तर्गत निर्यात गरिने प्रत्येक वस्तुका लागि उत्पादक तथा निर्यातकर्ताहरूले उत्पादन प्रक्रियाको वर्णन तथा उत्पादन लागतको अभिलेख राख्नु पर्दछ । अमेरिकी भन्सार तथा सीमा सुरक्षासम्बन्धी निकायलाई आयातकर्ता वा उत्पादकसँग निर्यात हुने वस्तु भन्सारछुट सुविधाका लागि योग्य रहेको कुरा प्रमाणित गर्ने अभिलेख माग गर्ने अधिकार छ ।